CHILD CARE SUBSIDY PROGRAM (CCSP)

CCSP अधिकार र उत्तरदायित्वहरु

CCSP RIGHTS AND RESPONSIBILITIES

केसको नाम
क्लाईन्ट परिचय नम्बर

म निम्नलिखीत कुराहरुमा उत्तरदयी छु:

- हामीलाई जानकारी दिनुहोस् जसकारण हामीले तपाईंको योग्यता निर्धारण गर्न सक्छौँ र बाल हेरचाह भुक्तानी सहि रुपमा अधिकृत गर्नसक्छौँ ।
- WAC 170-290-0125 वा WAC 170-290-3750 को आवश्यकताहरु पुरा गर्ने प्रदाता छान्नुहोस् र आफ्नै बाल हेरचाह व्यवस्थापन बनाउनुहोस् ।
- तपाईंको CCSP मासिक सहभुक्तान बाल हेरचाह प्रदातालाई प्रत्यक्षरुपमा भुक्तान गर्नुहोस्, वा भुक्तान गर्नको लागि अरु कसैको व्यवस्था गर्नुहोस् । **त्यसो गर्न असफल भएमा यसले तपाईंको बाल हेरचाह अनुदान समाप्त हुनेसम्म परिणाम निम्त्याउन सक्छ ।**
- CCSP को लागि योग्य रहन क्वालिटी एस्सुरेन्स रिभ्यु प्रोसेससँग सहकार्य गर्नुहोस् । क्वालिटी एस्सुरेन्सले गैरसहकार्य निर्धारण गरेपछि तपाई CCSP भत्ताको लागि अयोग्य हुनुहुँनेछ र जबसम्म तपाईंले क्वालिटी एस्सुरेन्सका आवश्यकताहरु पुरा गर्नुहुँदैन वा गैरसहकार्य निर्धारण गरेको मितिदेखी 30 (तीस) दिन सम्म अयोग्य रहिरहनु हुनेछ ।
- फ्रड अर्ली डिटेक्सन (fraud early detection, FRED) अनुसंधानकर्ता सँग सहकार्य गर्नुहोस् । यदि तपाईंले अनुसन्धानकर्ता सँग सहकार्य गर्न (अनुरोध गरेको जानकारी प्रदान गर्न) अस्विकार गर्नुहुन्छ भने यसले तपाईंको भत्तहरुलाई प्रभाव गर्नसक्छ ।
- प्रदाताहरुमा भएको कुनैपनि परिवर्तनको सुचना CCSP अधिकृत गर्ने कामदारलाई पाँच दिन भित्र दिनुहोस् ।
- जब हामीले तपाईंको बाल हेरचाह अधिकार परिवर्तन गर्छौँ, तपाईंले आफ्नो प्रदातालाई परिवर्तन गरेको 10 दिनभित्र खबर गर्नुहोस् ।
- **WCCC को लागि मात्र! तपाईंले निम्नलिखीत कुराहरुको बारेमा कुनै बाँकी रहेको आरोपहरु वा दोषनिरोपण जानकारीहरु पाए बाल हेरचाह अधिकृत गर्ने कामदारलाई 24 घण्टा भित्र रिपोर्ट गर्नुहोस्:**
  1) तपाईंको घरभित्रि/नातेदार प्रदाता ।
  2) कुनैपनि जो सोह्र वर्ष वा सो भन्दा बढी उमेरको छ र प्रदातासँग बस्छ जब बच्चाको हेरचाह घरभन्दा बाहिर हुन्छ ।

- निम्न कुराहरुको विवरणको परिवर्तनहरु CCSP आधिकारीक कामदारलाई 10 दिन भित्र गर्नुहोस्:
  - ►आवश्यक बाल हेरचाहको समय (घण्टा) को संख्या (धेरै वा थोरै घण्टा);
  - ►कुनै TANF अनुदान वा बाल सहायता बृद्धी वा कमी समावेश गर्न घरपरिवारको आम्दानी;
  - ►तपाईंको घरपरिवारको आकार जस्तै अभिभावक वा पति/पत्नि, तपाईंको घरमा आउने र जाने सदस्य समेत परिवारको सदस्य;
  - ►रोजगारी, स्कुल वा अधिकृत वर्कफस्ट गतिविधी (सुरुवात हुँदैगरेको, रोकिँदै गरेको वा परिवर्तन भईरहेको);
  - ►तपाईंको घरभित्रि/नातेदार प्रदाताको ठेगाना र टेलीफोन नम्बर (WCCC को लागि मात्र);
  - ►तपाईंको घरको ठेगाना वा टेलीफोन नम्बर; वा
  - ►बाल सहायता भुक्तान गर्न तपाईंको कानुनी दायित्व
- **परिवर्तनहरु तुरुन्तै रिपोर्ट गर्न असफल भएमा यसले अधिक भुक्तानको परिणाम निम्त्याउन सक्छ वा तपाईंले आफ्नो बाल हेरचाह मुल्यको भाग भन्दा बढी भुक्तान गर्नुपर्ने हुनसक्छ ।**
- तपाईंको प्रदाताको लागि अनुरोध गरिएको सम्पुर्ण जानकारीहरु तुरन्तै फिर्ता गर्नुहोस् । तपाईंको घरभित्रि/नातेदार प्रदातालाई सम्पूर्ण पृष्ठभुमी जाँच परिणामहरु प्राप्त गरेको मिती भन्दा अगाडी प्रदान गरिएको हेरचाहको भुक्तान जारी गरिनेछैन ।
- यदि तपाईंले आफ्नो प्रदातासँग हेरचाहको लागि आफैले भुक्तान गर्ने योजना बनाउनु भएको छ भने मात्र यो फर्मको अगाडी लिस्ट गरिएको भन्दा अन्य कुनै कारणको लागि आफ्नो बच्चाहरुलाई हेरचाहको लागि छोड्नुहोस् अन्यथा लिस्ट गरिएको भन्दा अन्य कारणबाट नछोड्नुहोस् । यदि तपाईं यो फर्ममा अधिकृत गरिएको भन्दा अन्य गतिविधीहरुमा भाग लिन चाहनुहुन्छ र तपाईंको बच्चाको हेरचाहको लागि राज्यले भुक्तान गरोस् भन्ने चाहनुहुन्छ भने तपाईंले पहिला आफ्नो CCSP अधिकृत गर्ने कामदारसँग सम्पर्क गर्नुपर्छ ।

मैले बुझ्छुकी:	
• मेरो जात, रङ्ग, राजनैतीक आस, राष्ट्रीय उत्पत्ती, धर्म, उमेर, लिङ्ग, असक्षमता वा जन्मस्थान जे भएपनि मलाई राम्रोसँग र निस्पक्ष रुपमा व्यवहार गरिनेछ । • मसँग मेरो आवेदनको मितिदेखी तीस दिन भित्र CCSP योग्यता निर्धारण हुनेछ । • मलाई CCSP भत्तासँग सम्बन्धित मेरा कानुनी अधिकार र दायित्वहरु लिखीत रुपमा जानकारी गराईनेछ । • संघीय वा राज्य नियमले माग गरेअनुसार मेरो जानकरी अन्य संस्थानहरु सँग बाँडिनेछ । • राज्यले WAC 170-290-0120 मा उल्लेख गरिएका भन्दा अन्य भत्ताहरुमा परिवर्तन गरि सो भत्ता कम गर्छ वा बन्द गर्छ भने मैले भत्ता परिवर्तन गर्न भन्दा दश दिन अगाडी लिखीत जानकारी प्राप्त गर्नेछु । • यदि मैले मेरो CCSP मामलासँग सम्बन्धित निर्णयहरुमा सहमत गरिन भने मैले सुनुवाईको लागि अनुरोध गर्न पाउनेछु ।	• मेरो सनुवाईको अधिकारलाई असर नगर्नेगरि मैले मेरो भत्ताहरुलाई असर गर्ने निर्णय वा कारवाहीको पुनर्विचारको लागि पर्यवेक्षक वा प्रशासकलाई भन्न सक्नेछु । • मलाई कुनै पैसा नलाग्ने गरि मसँग उचित समय भित्र दोभाषे वा अनुवादक सेवा हुनसक्नेछ । • जबसम्म मेरो प्रदाताले WAC 170-290-0125 मा भएका आवश्यकताहरु पुरा गर्छ तबसम्म मैले मेरो प्रदाता छान्न पाउनेछु । • मैले डिभिजन अफ फ्रड ईन्भेस्टिगेसन (division of fraud investigations, DFI) को फ्रड अर्ली डिटेक्सन (fraud early detection, FRED) अनुसन्धानकर्तालाई अन्य कुनै समयमा आउन भन्न सक्नेछु । मैले कुनै अनुसन्धानकर्तालाई मेरो घरभित्र जान दिनु पर्ने छैन । यो अनुरोधले भत्ताहरुको लागि मेरो योग्यतालाई कुनै असर पार्ने छैन । यदि मैले अनुसन्धानकर्तासँग सहकार्य गर्न(अनुरोध गरिएका जानकारीहरु प्रदान गर्ने) अस्विकार गरेभने यसले मेरो भत्ताहरुलाई असर गर्नसक्छ ।

सुनुवाईका अधिकारहरु

यदि तपाईं यो निर्णयबाट असहमत हुनुहुन्छभने सुनुवाई प्रशासकको कार्यालय Office of Administrative Hearings, P O Box 42489, Olympia, WA 98507-2489 मा सम्पर्क गरी वा पत्र लेखी सुनुवाईको अनुरोधगर्न सक्नुहुन्छ । तपाईले आफ्नो सुनुवाईको अनुरोध गर्नुपर्छ :

- यो कार्यको प्रभावकरी मितीमा वा सो भन्दा अगाडी अथवा हामीले यसबारेमा पठाएको खबरको 10 दिनभन्दा अगाडी, यदि फाईदाहरु अहिले प्राप्त गरेमा र तपाईंले तीनीहरुलाई जारी गर्न चाहेमा वा
- यो पत्र प्राप्त गरेको मितीको 90 दिनभित्र ।

सुनुवाईमा, तपाईंले आफुलाई प्रस्तुत हुने , वकील मर्फत प्रस्तुत गर्ने वा अन्य व्यक्तीहरु छान्ने अधिकार छ । तपाईंले कानुनी सहायता सित्तैमा प्राप्त गर्न वा कानुनी सेवा प्रदानगर्ने कार्यालयमा सम्पर्क गरी प्रस्तुत गर्न सक्नुहुन्छ ।